## कार्यक्रम प्रतिवेदन

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**“नेपाली पत्रकारितामा AI (आर्टीफिसियल इन्टेलीजेन्स) को नैतिक र जिम्मेवार प्रयोगका लागि ‘*इथिकल फ्रेमवर्क*’” विषयक एक दिने कार्यशाला**




**पेश गर्ने :**

**फ्रिडम फोरम (स्वतन्त्रता मञ्च)**

**थापाथली, काठमाडौं**

**असार, २०८३**

# “नेपाली पत्रकारितामा AI (आर्टीफिसियल इन्टेलीजेन्स) को नैतिक र जिम्मेवार प्रयोगका लागि ‘*इथिकल फ्रेमवर्क*’”

## विषयक एक दिने कार्यशाला

**मिति :** २०८३-०३-०५ (June 19, 2026) शुक्रबार

**स्थान :** काठमाडौँ

**आयोजक** : **फ्रिडम फोरम र प्रेस काउन्सिल नेपाल**

**सहभागीः** नेपाली आमसञ्चार माध्यम - रेडियो, टेलिभिजन, अनलाइन र छापा- का सम्पादक, काउन्सिलका पदाधिकारी, फ्रिडम फोरमका पदाधिकारी, सहकर्मी र सूचना तथा प्रसारण विभागका महानिर्देशक छविन्द्र पराजुली ।

**सहभागी संख्या :** जम्मा ५३ जना, ८ महिला ४५ पुरुष

**सहयोगी संस्था :** नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**कार्यक्रमको उद्देश्य :**

- नेपाली पत्रकारितामा एआईको प्रयोगलाई नैतिक, जिम्मेवार र मानविय बनाउनेबारे सम्पादक र नियमनकारी निकायबीच छलफल गर्ने
- एआईको प्रयोगलाई पत्रकारिताको मूलमर्म अनुरुप बनाउन ‘इथिकल फ्रेमवर्क’ तर्जुमा गर्न सामुहिक ऐक्यबद्धताका लागि
- ‘इथिकल फ्रेमवर्क’ तर्जुमाका लागि सञ्चार क्षेत्रका संघ संस्था, सञ्चारमाध्यमको नेतृत्व तह, प्रेस काउन्सिल तथा सूचना प्रविधि तथा सञ्चार मन्त्रालयलाई सहयोग पुग्ने गरी सुझावहरु प्रदान गर्ने

**कार्यक्रमको विवरणः**




कार्यक्रमको सुरुमा सबै सहभागीलाई स्वागत गर्दै प्रेस काउन्सिल नेपालका वरिष्ठ प्रशासकीय अधिकृत **दिपक खनाल**ले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । उहाँले एआईको वैज्ञानिक अवधारणा सन् १९४० को दशकमा सुरु भई ७० को दशकमा मात्र यस शब्दले मान्यता पाएको र यस प्रविधिलाई सहायक साधनको रुपमा प्रयोग गर्नुपर्ने बताउनुभयो । नेपालमा पत्रकारिता क्षेत्रमा एआइको प्रयोग बढीरहेको बेला यो कार्यक्रम अत्यन्तै समय सान्दर्भिक भएको हुनाले काउन्सिलले पनि यस कार्यक्रममा सहकार्य गरेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, “सूचना प्रविधिको क्षेत्रमा एआईको तीव्र विस्तारले सञ्चार क्षेत्रलाई पनि निकै प्रभावित पारेको छ । त्यस्तै, काउन्सिलले पनि पत्रकार आचारसंहिता बमोजिम नेपाली सञ्चारमाध्यममा एआईको प्रयोगको नियमित अनुगमन गरिरहेका सन्दर्भमा एआईको नैतिक र जिम्मेवार प्रयोगका लागि मार्गनिर्देशन तय गर्ने उद्देश्यले यो कार्यशालाको आयोजना गरिएको हो ।”

काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले नेपाली पत्रकारितामा एआईको प्रयोगले गर्दा आएका नयाँ प्रवृत्तिगत समस्या र आम मानिसबाट काउन्सिलमा प्राप्त गुनासोहरु बारे प्रस्तुती दिँदै एआई प्रविधि पत्रकारिताका लागि सहयोगी साधन भए पनि यसले मानव चेत र पत्रकारिताको मूल मर्मलाई विस्थापित गर्न नसक्ने बताउनुभयो । उहाँले नयाँ प्रविधिलाई अङ्गीकार गर्दा पत्रकारिताको विश्वसनीयता, तथ्यपरकता र जवाफदेहितामा सम्झौता हुन नहुनेमा पनि जोड दिनुभयो । काउन्सिलले पत्रकारितामा एआईको प्रयोगलाई नियमनभन्दा पनि व्यवस्थित र नैतिक बनाउन 'इथिकल फ्रेमवर्क' को आवश्यकता महसुस गरेर नै फ्रिडम फोरमसंगको सहकार्यबाट यो बहसको थालनी गरेको उहाँले बताउनुभयो । त्यसैगरि, एआईको सदुपयोग र दुरुपयोगका केही उदाहरण दिँदै उहाँले यस किसिमका कार्यशालाले एआईको सदुपयोग गर्दै विश्वसनिय सञ्चार सामाग्री तयार पार्न सहयोग पनि पुग्ने बताउनुभयो ।







यस क्रममा फ्रिडम फोरमले सम्पादकहरु माझ **अनलाइन सर्भे** गरेको थियो । सो सर्भेमा एआईको बारेमा सामान्य चेतना, प्रयोग, सम्पादकीय दृष्टिकोण र यसको प्रयोगका लागि न्यूनतम कानूनी प्राथमिकताहरु समावेश गरिएका कुल २४ प्रश्नहरु थिए । सर्वेक्षणमा अधिकांश सम्पादकहरूले एआईको प्रयोग समाचार सामग्री अनुवाद गर्न, तथ्य जाँच गर्न प्रयोग गर्ने गरेको र मिडियामा विषेशगरि एआइको प्रयोगबाट बनाइएका भ्रामक सूचना, 'Deepfake' अडियो तथा भिडियो मुख्य चुनौतिका विषय भएको औंल्याएका छन् । त्यसैगरि, एआईले सृजना गर्न सक्ने रोजगारी विस्थापनलाई पनि मुख्य चिन्ताको विषयका रूपमा लिएका छन् । सर्भेमार्फत सम्पादकहरुले सञ्चारकमीका लागि तालिम पहिलो प्राथमिकता हुनुपर्ने र नेपालको सञ्चार क्षेत्रमा एआई सम्बन्धि निर्देशिका लागू गराउने जिम्मेवारी प्रेस काउन्सिल नेपाल

वा यस्तै किसिमको स्वतन्त्र र स्वायत्त नियामक निकायको हुनुपर्ने सुझाव दिएका छन् । उक्त सर्भेको प्रश्नावली र प्राप्त परिणाम यसैसाथ संलग्न छ ।

कार्यक्रममा विषय केन्द्रीत छलफललाई अगाडि बढाउन तथा सहभागीहरुलाई विषयमा सुसूचित र प्रशिक्षित गर्ने उद्देश्यले फ्रिडम फोरमका कार्यकारी प्रमुख **तारानाथ दाहालले "पत्रकारितामा एआईको जिम्मेवार, नैतिक र विश्वसनीय प्रयोग**" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले एआईले सूचना खोज्न र मस्यौदा तयार पार्न छिटो र सजिलो बनाएको भएपनि यसमा मानवीय संवेदनशीलताको अभाव हुने र 'hallucination' पैदा गर्नसक्ने उल्लेख गर्नुभयो । डाटा पत्रकारिता र अनुसन्धानमा पनि यसले गोपनियता र बौद्धिक सम्पत्तिको सुरक्षामा चुनौती थपेको उहाँको भनाइ थियो । "प्रविधिको उपभोक्ता हुने होडबाजी त छ, तर हामी जिम्मेवार प्रयोगकर्ता बन्न सकिरहेका छैनौं," उहाँले भन्नुभयो ।




**दाहालले एआईलाई पत्रकारको विकल्प नभई केवल एक अनुसन्धान सहायक, तथ्यांक संकलक र औजारका रूपमा मात्र लिनुपर्नेमा जोड दिनुभयो । त्यस्तै, पत्रकारिताको विश्वसनियता र प्रभावकारीताका लागि सत्य परीक्षणका स्पष्ट चरणहरू तय गरिनुपर्ने, एआईको प्रयोग गर्दा पारदर्शिता अपनाउनुपर्ने, सामग्रीमा एआईको प्रयोगबारे स्पष्ट घोषणा गर्नुपर्ने र सम्पादकीय नियन्त्रण तथा जवाफदेहीतालाई सधैं प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो ।** कार्यक्रममा दाहालले विश्वप्रसिद्ध सञ्चारमाध्यमहरू जस्तै- बीबीसी, रिउटर्स, एशोसिएटेड प्रेस, द गार्जियन र द न्यूयोर्क टाइम्सले, एआई प्रयोगका लागि आफ्नै निर्देशिकाहरू जारी गरिसकेको सन्दर्भ जोड्दै नेपालमा पनि तत्कालै नितिगत खाका बनाउनुपर्नेमा जोड दिनुभयो ।



नेपालको पत्रकारिता जगत्ले अब चाल्नुपर्ने कदमहरूका बारेमा सुझाव दिंदै दाहालले पत्रकारिताका सामान्य आधारहरू जस्तै- पारदर्शिता र स्पस्ट खुलासा, तथ्यपरकता र प्रमाणीकरण, सम्पादकीय नियन्त्रण, मानवीय उत्तरदायित्व, पूर्वाग्रही र बिभेद रहित, प्रतिलिपि अधिकार र डाटा गोपनियताको रक्षा, 'नो गो जोन्स' निर्धारण, नियमित प्रशिक्षण र तालिम, कल्पनाशीलता र तोडमरोड दृश्य-तस्विरको फ्याक्टचेक गरि पहिचान गर्ने आदी, तय गर्नुपर्ने बताउनुभयो । त्यसैगरी, सत्यको खोजी, सन्तुलित र जनउत्तरदायी पत्रकारिताका शास्वत मुल्यहरुको पालना र प्रविधिको प्रयोगबारे साझा मापदण्ड विकास गर्न सम्पादकहरुको साझा पहलका लागि आवहान पनि गर्नुभयो ।

त्यस्तै, काउन्सिलले पनि पत्रकार आचार संहिताको सुधार र छुट्टै एआई प्रयोग निर्देशिका तर्जुमा गर्नुपर्नेमा जोड दिँदै दाहालले सह नियमनको बहस थाल्न सुभाव दिनुभयो । उहाँको कार्यपत्रको मुख्य बुँदाहरु रहेको पावरप्वाइन्ट यसैसाथ संलग्न छ ।

यसैगरि, पत्रकार **जीवन भण्डारी**ले “**नेपाली मिडियामा एआईको प्रयोग र आचारसंहिता**” सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले पत्रकारिताका चरणहरू - तथ्यांक संकलन, उत्पादन, सम्पादन र वितरण लगायतमा एआईको प्रयोग व्यापक बढेको स्पष्ट पार्दै तत्काल नीतिगत नियमनको आवश्यकता रहेको औंल्याउनु भयो । भण्डारीले सामाजिक सञ्जालमा प्रसार हुने 'Deepfake' र नक्कली अडियो, भ्रामक तस्विर र तथ्यहीन समाचारको बढ्दो प्रसार, प्रतिलिपि अधिकारको उल्लंघन र बेरोजगारीको जोखिमलाई एआईको अँध्यारो पाटो र बढ्दो चुनौतीका रूपमा उल्लेख गर्नुभयो । प्रस्तुतीको अन्त्यमा उहाँले काउन्सिलले राष्ट्रिय स्तरको एआई सम्बन्धि निति तथा आचारसंहिता जारी गर्नुपर्ने सुझाव दिनुभयो । भण्डारीले सञ्चारगृह र सम्पादहरुलाई मानव केन्द्रित अभ्यासमा जोड दिन र पत्रकारका लागि एआई साक्षरता र सचेतना विस्तारको महत्वका विषयमा पनि ध्यानाकर्षण गराउनुभयो । उहाँको कार्यपत्रको पनि यसैसाथ संलग्न छ ।




कार्यपत्र प्रस्तुती पछि खुला छलफल सत्रमा सम्पादकहरूले आफ्ना न्यूजरुममा दैनिक एआई टुल्सहरुको प्रयोग गर्दाका अनुभव, सहजता, जटिलता र अवसरका सम्बन्धमा आ-आफ्ना अनुभव राख्नुभएको थियो ।

छलफलको क्रममा सम्पादकहरुले राख्नुभएको विचारलाई बुँदागतरुपमा प्रस्तुत गरिएको छ ।

- अहिले नेपाली न्युजरुममा अनुवाद, भाषा परिमार्जन, शीर्षक छनोट र सामाजिक सञ्जालका लागि सामग्री तयार पार्न एआईको प्रयोग दिनप्रतिदिन बढिरहेको छ ।
- एआई प्रयोग गर्दा सूचना स्वतः साझा भइरहेका हुन्छन् ।
- विशेषगरी यसका विभिन्न टुल्सहरू प्रयोग गर्दा प्रयोगकर्ताको डेटा बेचिने वा दुरुपयोग हुने जोखिम रहन्छ ।
- वैयक्तित गोपनीयता र पत्रकारका स्रोतहरूको गोपनीयता कसरी सुरक्षित गर्ने भन्ने विषयमा गम्भीर अध्ययन र छलफल आवश्यक छ ।
- वरिष्ठ पत्रकारहरू समेत फेक न्युजको सिकार भएका उदाहरणहरू छन् । आफ्नो समाचार सामग्रीलाई एआईले पुनः प्रयोग गरेर आफैंलाई उपलब्ध गराउँदा त्यसमा प्रतिलिपि अधिकार सम्बन्धी प्रश्न उठाउने कि नउठाउने भन्ने विषयमा पनि स्पष्टता आवश्यक छ ।

- एआईले नेपाली भाषाको मर्म सधैँ सही रूपमा प्रस्तुत गर्न नसक्ने, तथ्यगत गल्तीहरू गर्न सक्ने र संवेदनशीलता नबुझ्ने भएकाले *'Human in the loop'* अर्थात् अन्तिम सम्पादन र प्रमाणीकरण सम्पादक स्वयंले नगरि एआईको भरपर्नु घातक हुन सक्छ ।
- एआईसँग बुद्धिमत्ता त हन्छ, तर विवेक र संवेदना हुँदैन ।
- अब पत्रकारलाई केवल एआई प्रयोग गर्न मात्र होइन, प्रभावकारी र मौलिक सामाग्री कसरी तयार गर्ने भन्ने सीप पनि सिकाउनुपर्ने आवश्यकता छ ।
- विशेषगरी समाचार सङ्कलन, प्रशोधन र प्रकाशनका क्रममा एआई प्रयोग भएको अवस्थामा त्यसको पारदर्शिता सुनिश्चित गर्न स्वघोषणाको व्यवस्था आवश्यक देखिन्छ । यसले सञ्चारमाध्यमप्रतिको विश्वास कायम राख्न मद्दत पुर्‍याउनेछ ।



कार्यशालामा सम्पादकहरु - जनकराज सापकोटा, दीपक ज्ञवाली, राजेश घिमिरे, जुनारबाबु बस्नेत, डिल्ली आचार्य, रामप्रसाद हुमागाई, भरतराज पोखरेल, अनुजराज ढुंगेल, कुवेर चालिसे, उर्वसी बस्न्यात, कृष्णा पौडेल, उपासना घिमिरे, नवराज चालिसे, पुनम पौडेल, शिव सत्याल लगायतले अनुभव र सुझावहरु राख्नुभएको थियो ।

काउन्सिलका सदस्य सचिव एवं सूचना तथा प्रसारण विभागका महानिर्देशक **छबिन्द्र पराजुली**ले एआईको प्रयोगसम्बन्धी ज्ञान पत्रकार, अनुगमनकर्ता र आम नागरिकलाई आवश्यक भइसकेको धारणा राख्दै काउन्सिलले यस सम्बन्धमा ध्यान दिँदै कार्यक्रम बनाइने बताउनुभयो । महानिर्देशक पराजुलीले राज्यका नीति, नियम र प्रविधि विकासको गतिलाई सँगसँगै लैजानुपर्ने भन्दै सञ्चार माध्यमहरू आफैँले पनि एआई प्रयोगसम्बन्धी आन्तरिक निर्देशिका बनाउनुपर्ने सुझाव दिनुभयो ।

यसैगरी सम्पादकहरुको सुझाव तथा अनुभवहरु पछि कार्यपत्र प्रस्तोता तारानाथ दाहालको सहजीकरणमा कार्यशालाको मुख्य निचोड प्रस्तुतीमा सबैबाट सहमति व्यक्त गर्दै प्रतिबद्धता जाहेर गरियो । खासगरी प्रशिक्षण, निरन्तर संवाद र एआई सामाग्रीको पारदर्शिता यसमा समेटिएका थिए ।

**छलफलका क्रममा आएका महत्वपुर्ण सुझावहरु**

- एआईलाई सामग्रीको गुणस्तर र स्तर सुधार गर्न सहयोगी उपकरणका रूपमा मात्र प्रयोग गर्नुपर्छ । हरेक सञ्चार सामाग्रीको अन्तिम सम्पादन र निर्णयमा मानवीय संलग्नता अनिवार्य हुनुपर्छ ।
- सञ्चारकर्मीलाई एआईद्वारा सिर्जित सामग्री पहिचान गर्ने सम्बन्धी प्राविधिक ज्ञान, यसको प्रयोग, यसलाई उचित Prompt दिने सम्बन्धमा अभिमुखिकरण गर्न आवश्यक छ ।
- एआई सम्बन्धि निर्देशिका बनाउने मात्र होइन, यसको आधारभूत अवधारणा र प्रयोगबारे व्यापक बुझाइ विकास गराउनु आवश्यक छ । यसका लागि जनचेतना अभिवृद्धि, तालिम र सीप विकास कार्यक्रम अपरिहार्य छन् ।
- प्रेस काउन्सिलले राजधानीमा मात्र होइन, मोफसलका सञ्चारकर्मीहरूलाई समेत लक्षित गरी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- एआईले समाचार लेखन, अनुवाद र तथ्याङ्क विश्लेषणलाई सजिलो बनाए तापनि यसको नाममा फैलाइन सक्ने 'डीपफेक' र 'डिसइन्फर्मेसन' बाट नेपाली पत्रकारितालाई जोगाउनु पर्ने र यसका लागि एउटा बलियो नैतिक खाका (Ethical Framework) आवश्यक छ ।
- नेपाली न्यूजरुमहरुमा पनि एआईको प्रयोगमा पारदर्शि हुनुपर्ने, प्रतिलिपि अधिकारको सुनिश्चित गर्नुपर्ने, पाठकको विश्वसनीयता कायम राख्नुपर्ने आवश्यकता छ । यसका लागि प्रेस काउन्सिलले स्वतन्त्र नियमनकारी निकायको भुमिकामा नैतिक खाकाको तर्जुमा गरेर छिट्टै कार्यान्वयनमा लैजानुपर्नेछ ।

अन्त्यमा, कार्यक्रमका सभापति तथा फ्रिडम फोरमका अध्यक्ष **हरिविनोद अधिकारी**ले नेपाली पत्रकारितामा एआईको नैतिक, जिम्मेवार र विश्वसनीय प्रयोगसम्बन्धी राष्ट्रिय फ्रेमवर्मको मस्यौदा तयार पार्ने प्रतिबद्धतासहित कार्यशालाको समापन भएको घोषणा गर्नुभयो । मस्यौदामा छलफलका क्रममा प्राप्त सुझावहरू समेटिने र नैतिक, जिम्मेवार र विश्वसनीय पत्रकारिताको प्रवर्द्धन तथा संरक्षणमा फ्रिडम फोरम सदा समर्पित रहने जानकारी पनि दिनुभयो ।

